# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको
# तेस्रो वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)
**(पाना नं. १ देखि ९ सम्म अभिलेख)**

## १. वार्षिक साधारण सभा

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको मिति २०७८ साल कार्तिक ३० गते (तदनुसार १६ नोभेम्बर २०२१) बसेको सञ्चालक समितिको १००औं बैठकको निर्णयानुसार बोलाईएको तेस्रो बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०७८ साल मंसिर २९ गते (तदनुसार १५ डिसेम्बर २०२१) बुधबार ।
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वट, बत्तिसपुतली, काठमाडौं ।
सञ्चालन विधि : अनलाईन (Virtual) माध्यम र भौतिक रुपमा एकसाथ संचालन भएको ।
सभा शुरु भएको समय : विहान ९:०० बजे ।
उपस्थिति पुस्तिका विहान ८:०० बजे देखि नै खुल्ला राखिएको ।
कोभिड १९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाईन प्रविधि मार्फत समेत सहभागी हुनसक्नेगरी शेयरधनी महानुभावहरुलाई Conference को Link र ID/ Password उपलब्ध गराउने व्यवस्था गरिएको ।

## ३. उपस्थिति

**सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) | श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड) | अध्यक्ष |
| ख) | श्री केदारनाथ शर्मा (प्रतिनिधि, नेपाल सरकार) | सञ्चालक |
| ग) | श्री चन्द्र प्रसाद ढकाल (प्रतिनिधि, आइएमई लिमिटेड) | सञ्चालक |
| घ) | श्री लालमणि जोशी (प्रतिनिधि, इमर्जिङ्ग नेपाल लिमिटेड) | सञ्चालक |
| ङ) | श्री शंकर प्रसाद अधिकारी | स्वतन्त्र सञ्चालक |

**पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) | श्री रामकृष्ण खतिवडा | - प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री भुपेन्द्र पाण्डे | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ग) | श्री सुर्य बहादुर तामाङ्ग | - नायव महाप्रबन्धक (बिजनेस) |
| घ) | श्री विनयनाथ न्यौपाने | - नायव महाप्रबन्धक (जोखिम एवं संचालन) |
| ङ) | श्री सुवर्ण कुमार सिंह | - प्रमुख, जोखिम व्यवस्थापन |
| च) | श्री रविन श्रेष्ठ | - प्रमुख, इन्फ्रास्ट्रक्चर फाइनान्सिङ्ग |
| छ) | श्री इश्वर बन्धु गौतम | - प्रमुख, कानुन एवं कम्पनी सचिव |

बैंक सञ्चालक र पदाधिकारीहरु बाहेक सभामा कम्पनी रजिष्ट्रारको कार्यालयबाट पाल्नु भएका प्रतिनिधि श्री कमल प्रसाद निरौला, बैंकका लेखापरिक्षक M.G.S. & Associates, Chartered Accountants का प्रतिनिधि श्री महेश प्रसाद गुँरागाईं, बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटलका प्रमुख कार्यकारी अधिकृत श्री पारसमणी ढकाल, निर्वाचन अधिकृत श्री विमल प्रसाद ढकाल लगायत बैकका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

## ४. सभाको सूचना तथा आवश्यक विवरण

बैंकको तेस्रो वार्षिक साधारण सभा बस्ने बारेको जानकारी एवं आ.व. २०७७/७८ को संक्षिप्त आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०७८ मंसिर १ गतेको आर्थिक अभियान राष्ट्रिय दैनीक र मिति २०७८ मंसिर ८ गतेको आर्थिक राष्ट्रिय दैनीकमा प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुको सहजताको लागि सभाबारेको जानकारी बैंकको वेभसाइटमा राखि सार्वजनीक रुपमा सूचित गर्नुका साथै शेयरधनीमहानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा समेत पठाइएको भनि कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

## ५. सभामा भएका छलफलका विषयहरु

### (क) सामान्य प्रस्ताव

१. आर्थिक बर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि वाह्य लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.२०,००,००,००,०००।- (रु. बीस अर्ब मात्र) को ०.४२% (शुन्य दशमलव चार दुई प्रतिशत) ले हुने रकम रु.८,४२,१०,५२७- (रु. आठ करोड बयालीस लाख दश हजार पाँच सय सत्ताइस रुपैंया मात्र) कर प्रयोजन सहित नगद लाभांस वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

### (ख) विशेष प्रस्ताव

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ को वित्तीय विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफा मध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पूँजी रु.२०,००,००,००,०००।- (रु. बीस अर्ब मात्र) को ८ % (आठ प्रतिशत) ले हुने रु.१,६०,००,००,०००।- (रु. एक अर्ब साठी करोड मात्र) बराबरको बोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने ।

२. बैंकको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुलाई वोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रबन्धपत्रको दफा ६ मा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

३. प्रबन्धपत्र संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरवदल/ थपघट/ संशोधन/ परिमार्जन गर्न वा मिलाउन वा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने ।

### (ग) सर्बसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

### (घ) विविध

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

## ६. शेयरधनीहरुको उपस्थिति

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयरधनीको संख्या | स्वयं उपस्थित सेयरधनी संख्या (अनलाइन माध्ययमबाट उपस्थित ६ जना समेत) | प्रतिनिधि पत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या (अनलाइन माध्ययमबाट उपस्थित १७४० समेत) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| २००००००००० | १०८९८०३ | २९१ | १६३ | ४५४ | ११२२८४६०३ | ५६.१४ |

## ७. गणपुरक संख्या एवम् बैधानिकता

सभा विधिवत रुपमा शुरु गर्नुअघि कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून र बैंकको नियमावली बमोजिम बोलाइएको र सभा गर्न कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत् पश्चात सभा विधिवत प्रारम्भ भयो ।

## ८. आसन ग्रहण

गणपुरक संख्या पुगेको र सभा बैद्यानिक रहेकोले कम्पनी सचिवले बैंकका संचालकज्यूहरु, आमन्त्रित महानुभावहरु तथा बैंकका उच्चपदस्थ पदाधिकारीहरुलाई आसन ग्रहण गराउनु भयो ।

## ९. राष्ट्रिय गान, पानसमा दिप प्रज्वलन, सभाको अध्यक्षता र सभा संचालन

आसन ग्रहण पश्चात सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो । राष्ट्रिय गान पश्चात अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गर्नुभयो । सो पश्चात कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम बैंकको तेस्रो वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन बैंक संचालक समितिका अध्यक्ष श्री अनुज अग्रवालज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभए बमोजिम श्री अनुज अग्रवालज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले साधारण सभाको काम कारवाही अगाडि बढाउनु भयो ।

## १०. अध्यक्षज्यूबाट मन्तब्य

कम्पनी सचिवले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई बैंकको तर्फबाट सभामा स्वागत गर्दै सभा समक्ष बैंकको वर्तमान अवस्था साथै भावि कार्यक्रमहरु उदृत गर्दै संचालक समितिको आ.व. २०७७/७८ को वार्षिक प्रतवेदन सहित आफ्नो मन्तब्य राख्नुभयो ।

## ११. छलफलका लागि आब्हान

अध्यक्षज्यूले आफ्नो मन्तव्य राखिसके पश्चात बैंकको काम कारवाहीहरु, भावि कार्ययोजनाहरु, सभामा छलफलका लागि निर्धारित प्रस्तावहरु लगायत बैंकसँग सम्बन्धित कुनै पनि विषयमा कुनै जिज्ञासा, प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन भनि कम्पनी सचिवले सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई आब्हान गर्नुभयो ।

## १२. जिज्ञासा, प्रश्न तथा सुझावहरु

उपस्थित आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आब्हान गर्नुभएकोमा देहायमा उल्लेखित शेयरधनीहरु तथा उपस्थित प्रतिनिधिहरुबाट देहाय बमोजिमका जिज्ञासा, प्रश्न तथा सुझावहरु प्राप्त भएको ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**अमृतनाथ रेग्मी**

आदरणीय शेयरधनी अमृतनाथ रेग्मीज्यूले नेपालमा संचालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरु भन्दा पूर्वाधार बैंकको कार्य प्रकृती भिन्न स्वरुपको हुने हुँदा नेपाल राष्ट्र बैंकले सोही अनुरुपको नीति निर्देशन जारी गरी बैंकलाई गन्तव्यमा पुग्न सहजीकरण गर्नु पर्ने धारणा राख्नुभयो । त्यस्तै, बैंकले स्रोतको लागि लोकल बरोइङ्गमा मात्र सिमित नभई अन्तर्राष्ट्रिय बजारमा लामो अवधिका वण्डहरु जारी गरी स्रोत संकलनलाई विविधिकरणयुक्त र दीर्घकालिन बनाउनु पर्ने बताउनु भयो । सोको लागि आवश्यक पर्ने हेजिङ्ग लगायतका विषयहरु टुङ्गाउन आवश्यक समन्वय गर्न बैंकलाई सुझाव दिनुभयो । त्यसैगरी, बैंकले आफ्नो वार्षिक प्रतिवेदन तयार गर्दा नेपाली र अग्रेजी भाषालाई एउटै पुस्तकमा राख्नु भन्दा छुट्टाछुट्टै स्वरुपमा गर्न सकेमा अझ उत्तम हुनेथियो भन्दै बैंकले आगामी दिनमा अझ प्रगती गर्दै जाओस् भन्ने शुभकामना दिनुभयो ।

**गुणराज भट्ट**

आदरणीय शेयरधनी गुणराज भट्टज्यूले नेपालमा आईपिओ जारी गरेको पहिलो वर्षमै शेयरधनीहरुलाई ८ प्रतिशत बोनश शेयर प्रदान गर्न सक्नुले बैंकको भविष्य राम्रो भएको बताउनु भयो । उहाँले बैंकको संचालक समितिमा अत्यन्त अनुभवी व्यक्तिहरुको संलग्नता रहेको हुनाले बैंकले उहाँहरुको अनुभवलाई प्रयोग गर्दै प्रगतिन्मुख हुँदै अघि बढ्नेछ भन्ने धारणा राख्नुभयो । बैंकलाई विशुद्ध व्यवसायिक रुपमा अघि बढाउन शुभकामना दिनुभएका उहाँले प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न र कर्मचारीहरुलाई तालिम प्राप्त बनाउन विशेष जोड दिनुपर्ने बताउनु भयो ।

**शिवप्रसाद पौडेल**

आदरणीय शेयरधनी शिवप्रसाद पौडेलज्यूले बैंकले प्रदान गरेको लाभांसको लागि धन्यवाद ज्ञापन गर्नुभयो । साथै, प्रदान गरिएको लाभांस छिटो सूचीकरण गर्न र दशमलव पछिको अंकले ल्याउन सक्ने (फ्र्याक्सनको) समस्यालाई समयमै मिलान गरी समस्या समाधान गर्न सुझाव दिनुभयो । त्यस्तै लगानी भएका र लगानी हुनसक्ने परियोजनाहरको सम्बन्धमा सरोकारवालाहरुसँग समयसमयमा भेला, गोष्ठिहरु आयोजना गर्ने परिपाटि बसाल्न सुझाव दिदैं बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

**शत्रुघ्न श्रेष्ठ**

आदरणीय शेयरधनी शत्रुघ्न श्रेष्ठज्यूले शेयरधनीहरुलाई ८ प्रतिशत लाभांस प्रदान गरेकोमा बैंकलाई हार्दिक बधाई दिनुभयो । ठुलो पूँजीका साथ सार्वजनीक निजी साझेदारी (Public Private Partnership-PPP) मार्फत पूर्वाधार परियोजनामा लगानी गर्ने उद्देश्यले स्थापना भएको बैंक हुनाले PPP अवधारणालाई मुर्त रुप दिदैं यस बैंकले शेयरधनीको मात्र नभएर मुलुककै आर्थिक बृद्धिमा ठुलो टेवा पुऱ्याउन सकोस् भन्ने शुभकामना दिनुभयो ।

**नरसिंह लाल चँखु**

आदरणीय शेयरधनी नरसिंह लाल चँखुज्यूले पूर्वाधारमा मात्र केन्द्रीत भई स्थापना भएको यो बैंकले कर्मचारीहरुको दक्षतालाई अभिवृद्धि गर्न सकेमा मात्र बैंकको लक्ष्य प्राप्त हुने धारणा सभा समक्ष राख्नुभयो । उहाँले विभागिय प्रमुखहरुको कार्यक्षमता, दक्षता वृद्धि गर्न विषेश ध्यान दिनुपर्नेमा जोड दिनुभयो । त्यस्तै, बैंक सुरुवाती अवस्थामा रहेको हुनाले बैंकको वासलातमाथि टिकाटिप्पणी गर्ने समय भैनसकेको बताउनु भएका उहाँले बैंकले आफ्ना रणनीतिहरु तय गर्दा निकै सुझबुझका साथ तय गर्नुपर्नेमा भने जोड दिनुभयो । साथै, उहाँले वार्षिक प्रतिवेदन बढी व्याख्यात्मक भएको हुनाले यसलाई सटिक गराउन सुझाव दिनुभयो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**कृष्ण प्रसाद अधिकारी**
आदरणीय शेयरधनी कृष्ण प्रसाद अधिकारीले पूर्ववक्ताहरुले सभा समक्ष राख्नु भएको धारणाहरुलाई मनन गर्न सुझाव दिदै आफ्ना धारणा राख्न थाल्नुभयो । सोही क्रममा उहाँले अध्यज्यूको मन्तव्य र संचालक समितिको प्रतिवेदनलाई छुट्टाछुट्टै बुझिने गरी शिर्षक राख्नु पर्ने बताउनु भयो । बैंकको प्रकृति अनुरुप स्रोतका साधनहरु र लगानीका माध्ययमहरु प्रचलित अभ्यास भन्दा फरक तरिकाले प्रस्तुत गर्नु भएकोमा बैंकलाई धन्यवाद दिदैं यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो । त्यस्तै, बैंकले जारी गर्ने भनिएका वण्डहरु केकस्ता हुनेहुन् भनी प्रश्न गर्नुभयो । त्यसैगरी नेपाल सरकारबाट प्रतिनिधित्व गर्ने संचालकहरु छिटोछिटो परिवर्तन भएको देखिएकोले सोलाई कम गर्ने तर्फ लाग्न ध्यानकर्षण गराउनुभयो । संचालक समितिको बैठक संख्यालाई अलि कम गर्न सुझाव दिनुभयो । त्यस्तै, वार्षिक प्रतिवेदनमा देखिएका व्याकरण सम्बन्धी र अन्य गल्ती कमजोरीलाई आगामी दिनमा नदोहोऱ्यानुहोला भनी सुधार गर्न सुझाउनु भयो । अन्त्यमा, सर्वसाधारण शेयरधनीलाई शेयर बाँडफाँड भए पछिको पहिलो सधारणसभाबाट ८ प्रतिशत लाभांस प्रदान गरेकोमा बैंकलाई हार्दिक बधाई दिनुभयो ।

**राम गोपाल महर्जन**
आदरणीय शेयरधनी राम गोपाल महर्जनज्यूले आफ्नो धारणा राख्ने क्रममा पूर्वाधार परियोजनामा लगानी गर्ने उद्देश्यले स्थापना भएको बैंकको आफ्नै भवनमा कार्यलय रहनु उपयुक्त हुने हुँदा सो सम्बन्धमा बैंकको राय बताईदिनुहुन अनुरोध गर्नुभयो । साथै, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित हुने संचालकद्धयले सर्वसाधारण शेयरधनीहरुको पक्षमा काम गर्नुहुनेछ भन्ने अपेक्षाका साथ शेयरधनीहरुलाई ८ प्रतिशत लाभांस प्रदान गरेकोमा बैंकलाई हार्दिक बधाई दिदैं आफ्नो धारणालाई टुङ्गाउनु भयो ।

**चन्द्र नारायण श्रेष्ठ**
आदरणीय शेयरधनी चन्द्र नारायण श्रेष्ठज्यूले सभाकै दौरान सभा समक्ष लिखित धारणा राख्नु भएको थियो । लिखित धारणामा बैकले छोटो समयमै आफ्ना शेयरधनीहरुलाई राम्रो लाभांस प्रदान गरेकोमा धन्यवाद सहित आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो ।

सभामा अनलाईन (Virtual) माध्यमबाट सहभागी हुने शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य दिन चाहेको खण्डमा तोकिएको इमेलमा सभा शुरुहुनु भन्दा १२ घण्टा अगावै मन्तव्य पठाउनु पर्ने तथा प्राप्त मन्तव्यहरु समयसिमाको अधिनमा रही कम्पनी सचिव मार्फत सभा समक्ष वाचन हुनेछ भनि बैंकको तेस्रो वार्षिक साधारण सभा बस्ने बारेको सूचना मार्फत सुसूचित गरिएकोमा तोकिएको समयसिमा भित्र कुनै पनि शेयरधनीहरुबाट मन्तव्य प्राप्त नभएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

## १३. जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन
आदरणीय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुबाट प्राप्त सुझावहरुहरुको लागि अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले संयुक्त रुपमा धन्यवाद दिनुभयो । उठान भएका जिज्ञासा र प्रश्नहरुको हकमा अध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतले बुँदागत रुपमा उत्तर दिनुभयो जसको समष्टिगत संक्षेपिकरण देहाय बमोजिम रहेको थियो:

नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकलाई छुट्टै निर्देशन जारी भएको र सोमा समय सापेक्ष संशोधन भैरहेको, विदेशबाट मुलुकमा पूँजी भित्र्याउन मुलुक भित्रका नियमनकारी निकाय एवं विभिन्न अन्तर्राष्ट्रिय निकायहरुसँग नियमित छलफल भैरहेको, हेजिङ्ग लगायतका विषयहरुमा नेपाल सरकार अर्थ मन्त्रालयलाई आवश्यक सुझावहरु दिई नियमित छलफलमा रहिरहेको र चालु आ.व.मा नै बैंकले अन्तर्राष्ट्रिय बजारमा बण्ड जारी गरिसक्ने लक्ष्य लिएको बताउनु भयो । त्यस्तै, बैंकले प्रशासनिक खर्चमा मितव्ययिता कायम गरिरहेको र आगामी दिनमा यसलाई निरन्तरता दिने र कर्मचारीहरु नै बैंकको असली सम्पत्ति भएको तथ्यलाई मनन गर्दै कर्मचारीको तालीम तथा वृत्ति विकासमा बैंक सधैं लागिरहने बताउनु भयो । त्यसैगरी, बैंकले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति लिए सँगै बोनस शेयर सूचिकरण गर्ने प्रकृया थालनी गर्ने एवं शेयरधनी तथा सरोकारवालाहरुसँगको छलफल तथा अन्तरकृया समय सापेक्ष बढाउँदै लगिने बताउनु भयो । बैंकले सार्वनजीक निजी साझेदारीलाई

Nepal Infrastructure Bank Ltd. Kathmandu NIFRA

मुर्त रुप दिन मुलुकका तीनवटै सरकार संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गरी कार्य गर्न इच्छुक रहेको बताउदैं यसलाई मुर्त रुप दिन बैंकले प्रदेश नं. १, नेपाल नगरपालीका संघ लगायतसँग समकक्षदारी (MOU) गरिसकेको जानकारी गराउनु भयो । ग्रिन बण्ड लगायतका विभिन्न किसिमका बण्डहरु जारी गरी पूँजी जुटाउनको लागि आवश्यक कामहरु भैरहेको बताउनु भएका प्रमुख कार्यकारी अधिकृतले बैंकको लागि आफ्नै भवन निर्माणको बारेमा सोधिएको प्रश्नको हकमा सो सम्बन्धमा हालसम्म कुनै ठोस कार्य नभएतापनि शेयरधनीहरुको सुझावलाई शिरोधार्य गर्दै अगाडि बढ्ने बताउनु भयो । बैंकको प्रशासनिक खर्च कम गर्न बैंक चनाखो रहेको जानकारी गराउदै आदरणीय वक्ता शेयरधनीहरुले वार्षिक प्रतिवेदनमा औंल्याउनु भएका गल्ती कमजोरीहरु आगामी दिनमा सुधार गर्दै जाने बताउनु भयो ।

## १४. प्रस्तावहरुको प्रस्तुति

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात अध्यक्षज्यूको निर्देशन बमोजिम कम्पनि सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभा समक्ष बैंकको आर्थिक बर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको सोही अवधिको वासलात, विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित सामान्य प्रस्ताव अन्तर्गतका विषयसूचीहरु /प्रस्तावहरु र विशेष प्रस्ताव अन्तर्गतका विषयसूचीहरु /प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १५. सभाको निर्णय

**(क) सामान्य प्रस्ताव :**

**१.** आर्थिक बर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**२.** लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**३.** कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि वाह्य लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भइसकेको र सभाले बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम बैंकको विद्यमान लेखापरीक्षक श्री M.G.S. & Associates, Chartered Accountants लाई बैंकको आ.व.२०७८/७९ को लेखापरीक्षण (Tax Audit समेत) गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक कर समेत रु. ३,३९,०००/- (तीन लाख उन्चालीस हजार रुपैया) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गऱ्यो ।

**४.** संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.२०,००,००,००,०००।- (रु. बीस अर्ब मात्र) को ०.४२% (शुन्य दशमलव चार दुई प्रतिशत) ले हुने रकम रु.८,४२,१०,५२७- (रु. आठ करोड बयालीस लाख दश हजार पाँच सय सत्ताइस रुपैया मात्र) कर प्रयोजन सहित नगद लाभांस वितरण गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**(ख) विशेष प्रस्ताव :**

**१.** संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/७८ को वित्तीय विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफा मध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पूँजी रु.२०,००,००,०००।- (रु. बीस अर्ब मात्र) को ८ % (आठ प्रतिशत) ले हुने रु.१,६०,००,००,०००।- (रु. एक अर्ब साठी करोड मात्र) बराबरको बोनस शेयर प्रदान गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**२.** बैंकको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुलाई वोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रबन्धपत्रको दफा ६ मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव पारित गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
## प्रबन्धपत्रमा प्रस्तावित संशोधन/थप/घटको तीनमहले

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था (संशोधन) | संशोधनको कारण |
|---|---|---|
| ६(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु. २०,००,००,००,०००।- ( अक्षेरुपी बिस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका २०,००,००,०००।- (बिस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६ (ख) बैंकको जारी जारी पूँजी रु. २१,६०,००,००,०००।- ( अक्षेरुपी एक्काइस अर्ब साठी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका २१,६०,००,०००।- (एक्काइस करोड साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकले बोनस शेयर जारी गर्न लागेको हुँदा सोही अनुरुप जारी पूँजी बृद्धि गर्नुपर्ने भएकोले । |
| ६(ग) बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १२,००,००,००,०००।- ( अक्षेरुपी बाह्र अर्ब मात्र) हुनेछ । | ६ (ग) बैंकको चुक्ता पूँजी रु. २१,६०,००,००,०००।- (अक्षेरुपी एक्काइस अर्ब साठी करोड मात्र) हुनेछ । | बैंकले जारी पूँजीको ४० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याई बाँडफाँड गरीसकेको र सो पश्चात् बोनस शेयर समेत जारी गर्न लागेको हुँदा सोही अनुरुप चुक्ता पूँजी बृद्धि गर्नुपर्ने भएकोले । |
| ६(घ) बैंकले जारी पूँजीको ४० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याएको छ । | - (हटाएको) | बैंकले जारी पूँजीको ४० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याई बाँडफाँड समेत गरि सकेको अवस्थामा ६ (घ) को व्यवस्था कायम राखिराख्न सान्दर्भिक नदेखिएकोले ६ (घ) हटाएको । |

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

| | | |
|---|---|---|
| ६(च)सर्वसाधारणमा सार्वजनिक रुपमा विक्री गरिने शेयरका शेयरधनीहरुलाई समुह "ख"मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४० प्रतिशत हुनेछ । यस समूहको कूल शेयर मध्येबाट बढीमा ०.२ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । | ६ (च)सर्वसाधारणमा सार्वजनिक रुपमा विक्री गरिने शेयरका शेयरधनीहरुलाई समुह "ख"मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४० प्रतिशत हुनेछ । | बैंकले जारी पूँजीको ४० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याउँदा तोकिएको प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बाँडफाँड समेत गरि सकेको अवस्थामा ६ (च) लाई समय सापेक्ष संशोधन गरिएको । |

**३.** प्रबन्धपत्र संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल/ थपघट/ संशोधन/ परिमार्जन गर्न वा मिलाउन वा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) सर्बसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।**

विषयसूची (ग) अन्तर्गत सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन सम्बन्धमा भएका आवश्यक काम कारवाहीको जानकारी सभालाई गराउन कम्पनी सचिवले निर्वाचन अधिकृतज्यूलाई आव्हान गर्नु भए बमोजिम निर्वाचन अधिकृत श्री विमल प्रसाद ढकालज्यूले निर्वाचन कार्यक्रम तथा सोको परिणाम सभालाई जानकारी गराउनु भयो । जसअनुसार;

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सर्वसाधारण समूह सञ्चालक पदको निर्वाचन-२०७८ को निर्वाचन प्रक्रियाबाट २ जना उम्मेदवारहरु सञ्चालक पदमा निर्वाचित गरिनु पर्नेमा बैंकको सञ्चालक निर्वाचन निर्देशीका, २०७६ बमोजिम मिति २०७८/८/१२ मा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार मिति २०७८/८/२० गते विहान ११:०० वजेदेखि दिउसो २:०० वजेसम्म उम्मेदवारहरुको मनोनयन पत्र दर्ता गराउने समय तोकिएकोमा उक्त समयावधीभित्र २ जना उम्मेदवारहरुको मात्र मनोनयन पत्र दर्ता हुन आएको, मिति २०७८/८/२० गते अपरान्ह ४:०० वजेदेखि अपरान्ह ५:०० वजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने समय निर्धारण गरिएकोमा निर्धारित समयभित्र कुनै उम्मेदवारहरुको विरुद्धमा उजुरी पर्न नआएको, मिति २०७८/८/२१ गते विहान ११:०० वजेदेखि दिउसो २:०० वजेसम्म उम्मेदवारको नाम फिर्ता लिने समय तोकिएकोमा उक्त समयमा कुनैपनि उम्मेदवारहरुले मनोनयन फिर्ता नलिई मिति २०७८/८/२१ गते दिउसो ३:०० वजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन हुँदा निर्वाचित गर्नुपर्ने २ जना उम्मेदवारहरुको मात्र मनोनयन पत्र कायम रहेकोले बैंकको सञ्चालकको निर्वाचन निर्देशिका, २०७६ को नियम १७ बमोजिम तपसिलमा उल्लेखित उम्मेदवारहरु नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सर्वसाधारण समूहको निर्वाचन २०७८ मा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | सुमन पोखरेल | उम्मेदवारी दर्ता नं. १, महालक्ष्मी न.पा. -८, ललितपुर |
| २. | लिमा अधिकारी आचार्य | उम्मेदवारी दर्ता नं. २, का.जि.का.म.न.पा. -१० |

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**(घ) विविध :**

विषयसूची विविध अन्तर्गत मिति २०७८ साल आश्विन ४ गते सम्पन्न संचालक समितिको ९८औं बैठकले श्री शंकर प्रसाद अधिकारीलाई बैंकको स्वतन्त्र संचालकमा नियुक्त गर्ने निर्णय गरेको व्यहोरा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४(३) को व्यवस्था बमोजिम कम्पनी सचिवले सभालाई जानकारी गराउनुभयो ।

स्वतन्त्र सञ्चालकको नियुक्तिको विषय वाहेक विषय सूची विविध अन्तर्गत छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिदै आजको बैठक बिसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**१६. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अध्यक्षज्यूले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नुहुँदै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका आदरणीय शेयरधनी महानुभावहरुको गरिमामय उपस्थिति र सक्रिय सहभागिताका लागि धन्यवाद तथा आभार प्रकट गर्नु भयो । धन्यवाद ज्ञापनको क्रमलाई जोड्दै बैंकका प्रमुख कार्यकारी अधिकृतले समेत बैंकको तेस्रो वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्षरुपमा सहयोग गर्नुहुने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरु, बैंकका लेखापरिक्षक, सुभेच्छुक महानुभावहरु बैंकमा आवद्ध कर्मचारीहरु एवं सरोकारवालाहरु सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । सो पश्चात मध्यान्ह १२:३० बजे अध्यक्षज्यूले बैंकको तेस्रो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गनुभयो ।

**इश्वर बन्धु गौतम**
**कम्पनी सचिव**

Nepal Infrastructure Bank Ltd. NIFRA Kathmandu

**अनुज अग्रवाल**
**अध्यक्ष**
**मिति : २०७८/०८/२९**